# प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८२

समितिबाट स्वीकृत मितिः-२०८२/०५/१०

मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अन्वेषण, अनुसन्धान तथा विकासका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने वा पुऱ्याएका प्रतिभाशाली बालबालिका, युवा तथा अन्य व्यक्तिलाई पुरस्कार तथा अनुदान सहयोग रकम वितरण गर्ने कार्यलाई व्यवस्थित गर्ने प्रयोजनका लागि "प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि,२०७८" को दफा १३ ले दिएको अधिकार प्रयोग गरी समितिले यो मापदण्ड बनाई लागू गरेको छ।

१.संक्षिप्त नाम र प्रारम्भः

(क) यस मापदण्डको नाम "प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार तथा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८२" रहेको छ।

(ख) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "कोष" भन्नाले प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालनसम्बन्धी कार्यविधि, २०७८ को दफा ३ बमोजिम स्थापित कोष सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालनसम्बन्धी कार्यविधि, २०७८ सम्झनुपर्छ।

(ग) "समिति" भन्नाले कार्यविधिको दफा ६ बमोजिमको समिति सम्झनुपर्छ।

३.पुरस्कार प्राप्त गर्ने योग्यता र मूल्याङ्कनका आधारहरू:(१) देहायको योग्यता पुगेका बालबालिका, युवा तथा अन्य व्यक्तिहरू प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार प्राप्त गर्नका लागि योग्य हुनेछन्:

क. नेपाली नागरिक,

ख. फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

ग. उच्च नैतिक चरित्र भएको,

घ. मुलुकमा शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अन्वेषण, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको,

(२) पुरस्कार वितरण गर्नका लागि उम्मेदवारको मूल्याङ्कनका आधारहरू अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछन्।

४.<u>अनुदान सहयोग प्राप्त गर्ने योग्यता र मूल्याङ्कनका आधारहरू</u>: (१) देहायको योग्यता पुगेका बालबालिका, युवा तथा अन्य व्यक्तिहरू अनुदान सहयोग प्राप्त गर्नका लागि योग्य हुनेछन्:

क. नेपाली नागरिक,

ख. फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

ग. उच्च नैतिक चरित्र भएको,

घ. नेपालभित्र वसोवास गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो प्रतिभा प्रदर्शनका माध्यमबाट नेपालको पहिचान अभिवृद्धि गरेको वा

ङ. मुलुकको सामाजिक तथा आर्थिक विकासका लागि वैज्ञानिक वा अन्य अनुसन्धान कार्यमा उल्लेखनीय योगदान पुऱ्याएको र

च. व्यक्तिमा निहित प्रतिभा तथा नवप्रवर्तनको क्षमतालाई प्रवर्द्धन र उजागर गर्न राज्यबाट अनुदान सहयोग गर्न आवश्यक रहेको पुष्ट्याइँ र आधार भएको।

(२) अनुदान सहयोग वितरण गर्नका लागि उम्मेदवारको मूल्याङ्कनका आधारहरू अनुसूची- २ मा उल्लेख भएवमोजिम हुनेछन्।

५.<u>पुरस्कार तथा अनुदान सहयोग वितरण गर्ने प्रक्रिया</u>: पुरस्कार तथा अनुदान सहयोग वितरण गर्दा देहाय वमोजिमको प्रक्रिया अवलम्बन गरिनेछः-

क. कार्यविधिको दफा ९ बमोजिम तयार भएको सूचीबाट समितिले यस मापदण्ड बमोजिम निर्धारित योग्यता पुगेका र आधारहरू पूरा गरेका दुई जना व्यक्तिलाई पुरस्कार तथा अनुदान सहयोगका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष सिफारिस गर्नेछ ।

ख. समितिको सिफारिसका आधारमा नेपाल सरकारले पुरस्कार तथा अनुदान सहयोग प्राप्त गर्ने प्रतिभाको छनोट गरी पुरस्कार तथा अनुदान सहयोगको घोषणा गर्नेछ।

ग. नेपाल सरकारको निर्णय बमोजिम पुरस्कार तथा अनुदान सहयोगका लागि छनोट हुने बालबालिका, युवा तथा अन्य व्यक्तिलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट पुरस्कार तथा अनुदान सहयोग प्रदान गरिनेछ।

घ. पुरस्कृत हुने तथा अनुदान सहयोगका लागि छनोट हुने प्रतिभालाई जनहि रु पाँच लाख नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ।

ङ. प्रत्येक वर्ष बढीमा दुईजना प्रतिभावान व्यक्तिलाई पुरस्कार तथा अनुदान सहयोगमध्ये दुवै जनालाई पुरस्कार वा दुवैजना लाई अनुदान सहयोग वा एक जनालाई पुरस्कार र अर्को एक जनालाई अनुदान सहयोग प्रदान गर्न सकिनेछ।

६.सूची तयार गर्ने प्रक्रियाः कार्यविधिको दफा ९ अनुसार मुलुकको शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अन्वेषण, अनुसन्धान तथा विकासमा महत्त्वपूर्ण योगदान गर्ने बालबालिका, युवा तथा अन्य व्यक्तिहरू पहिचान गर्न समितिले देहायको प्रक्रिया अवलम्बन गरी सूची तयार गर्नेछः-

क. राष्ट्रिय स्तरको दैनिक पत्रिकामा १० दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी विश्वविद्यालय,शिक्षण संस्था,नेपाल सरकार मातहतका निकाय, प्रदेश तथा स्थानीय तह, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका अनुसन्धानमूलक वा प्राज्ञिक संस्थाबाट अनुसूची-३ बमोजिमको ढाँचामा मुलुकको शान्ति, सुशासन, नवप्रवर्तन, सूचना प्रविधि, वैज्ञानिक खोज अन्वेषण, अनुसन्धानका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने व्यक्तिहरूको सिफारिस माग गर्ने,

ख. बालबालिका तथा शारीरिक रूपमा अशक्त प्रतिभाहरूको हकमा निजका आफन्त एवम् निज संलग्न संस्था (जस्तैः शिक्षण संस्था, सरकारी कार्यालय वा गैर सरकारी संस्था ) मार्फत सिफारिस गर्न सकिनेछ,

ग. पुरस्कार तथा अनुदान सहयोग वितरण गर्नका लागि सिफारिस माग गर्दा इमेलबाट समेत लिन सकिने व्यवस्था मिलाउनु पर्नेछ,

घ. तोकिएको समयभित्र प्राप्त सिफारिसहरू मध्येबाट समितिले पुरस्कार तथा अनुदान रकम प्राप्त गर्न योग्य व्यक्तिहरूको सूची तयार गर्ने,

ङ. समितिले तयार पारेको सूची बमोजिम पुरस्कार तथा अनुदान सहयोग प्राप्त गर्ने दुई जनाको नाम नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष सिफारिस पेश गर्नु पर्नेछ,

तर यो मापदण्ड लागू भएपछि पहिलो पटकका लागि मापदण्डको दफा ७ बमोजिमको विधि अवलम्बन गरिनेछ,

च. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि समितिले सरकारी कार्यालयहरू, विश्वविद्यालयहरू, सरकारी संस्थानहरू, राष्ट्रिय स्तरका सञ्चार माध्यमबाट प्रकाशित प्रतिवेदन एवम् सूचनाका अधारमा समेत सूची तयार गरी पुरस्कार तथा अनुदान सहयोगका लागि सिफारिस गर्न सक्नेछ।

अनुसूची-१

(मापदण्डको दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गर्ने मूल्याङ्कनका आधारहरू

| क.सं | मूल्याङ्कनका आधारहरू | अङ्क भार |
|---|---|---|
| १. | उम्मेदवारले शान्ति, सुशासन, नवप्रवर्तन एवम् वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा पुऱ्याएको योगदान एवम् हासिल गरेको सफलताको स्तर | २० |
| २. | मुलुकको शान्ति, सुशासन, नवप्रवर्तन एम् वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उम्मेदवारको योगदानले पारेको सकारात्मक प्रभाव | ३० |
| ३. | नवप्रवर्तनको स्तर र मुलुकको विकाससँग सम्बन्धित समस्या समाधानका लागि नवीनतम एवम् कार्यान्वयनयोग्य दृष्टिकोण | २० |
| ४. | उम्मेदवारले प्राप्त गरेको ख्यातिको स्तर | १० |
| ५. | शान्ति, सुशासन, नवप्रवर्तन एवम् वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उम्मेदवारले पुऱ्याएको योगदानबाट प्राप्त सफलताको दिगोपना | २० |
| | जम्मा | १०० |
| | | |

अनुसूची २

(मापदण्डको दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

प्रधानमन्त्री राष्ट्रिय प्रतिभा अनुदान सहयोग प्रदान गर्ने मूल्याङ्कनका आधारहरू

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | अङ्क भार |
|---|---|---|
| १ | उम्मेदवारको प्रतिभाबाट मुलुकको सामाजिक, साँस्कृतिक क्षेत्र वा वैज्ञानिक अन्वेषण, खोज, अनुसन्धान तथा प्रविधिको विकासमा पुन्याएको योगदानको स्तर | ४० |
| २ | उम्मेदवारको प्रतिभाबाट मुलुकको सामाजिक, साँस्कृतिक क्षेत्र वा वैज्ञानिक अन्वेषण, खोज, अनुसन्धान तथा प्रविधि विकासमा पु-याएको योगदानको दिगोपना सुनिश्चित हुने आधार | २० |
| ३ | असाधारण प्रतिभा भएको तर आर्थिक तथा सामाजिक रूपमा पिछडिएका कारण निहित प्रतिभा उजागर गर्न असमर्थ भएको | २० |
| ४ | मुलुकको आर्थिक तथा सामाजिक विकास एवम् मानवजातिको बृहत्तर हितका लागि वैज्ञानिक अन्वेषण तथा अनुसन्धान कार्यमा उल्लेखनीय योगदान पु-याउने सम्भावना | २० |
| जम्मा | | १०० |

अनुसूची -३

(मापदण्डको दफा ६ को खण्ड (ख) र खण्ड (घ) सँग सम्बन्धित)

विश्वविद्यालय/शिक्षण संस्था/नेपाल सरकार/ प्रदेश तथा स्थानीय तह/नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका अनुसन्धानमूलक वा प्राज्ञिक संस्थाले गर्ने सिफारिसको ढाँचा

सिफारिस गरिएको

पुरस्कारः ☐ सहयोगः☐

| | |
|---|---|
| (१) सिफारिसकर्ता संस्थाको | नामः<br>ठेगाना<br>सम्पर्क नं<br>इमेल<br>वेबसाइट |
| (२) पुरस्कार तथा सहयोगका लागि सिफारिस गरिएको उम्मेदबारको | |
| नाम थरः | देवनागरीमाः<br>पहिलो...................................बिचको............................थर............. |
| | अङ्ग्रेजीमा (CAPITAL LETTER):<br>First name………………… Middle name…………. Surname……………. |
| जन्म मितिः | वि.सं.:-........................महिना......................गते................ |
| | ई.सन.:Year……………….Month……………..Day………………. |
| स्थायी ठेगानाः | प्रदेश.................................जिल्ला..........................<br>गा.पा./न.पा......................................................वडा नं...............<br>टोल.................................. |
| सम्पर्क ठेगानाः | प्रदेश..........................जिल्ला.....................गा.पा./न.पा..........<br>वडा नं............... टोल...............सम्पर्क नं................<br>इमेल ठेगानाः...............................अन्यः......................... |
| (३) नागरिकता /(बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्र) | नम्बरः................................जारी भएको जिल्लाः..........................<br>जारी भएको मितिः.................................. |

| | |
|---|---|
| | जारी गर्ने निकाय...............................(जन्मदर्ताको लागि स्थानीय तहको नाम) |
| (४) उम्मेदवार कुनै संस्थासँग संलग्न रहेको भए संस्थाको विवरण | संस्थाको नाम र ठेगाना.................................................<br>प्रमुख उद्देश्यः.......................................<br>फोन नं.........................................,इमेल.......................................<br>वेबसाइट............................................. |
| (५) सिफारिस गरिएका उम्मेदवारको उल्लेखनीय योगदान रहेको वा रहन सक्ने क्षेत्र/विधा | (क) प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कारका लागि<br>आफ्नो कुनै विषयमा योगदान रहेको छ (√) चिह्न लगाउनुहोस्ः-<br>☐ शान्ति ☐ सुशासन ☐वैज्ञानिक खोज,अन्वेषण, अनुसन्धान र विकास ☐नवप्रवर्तन<br>(ख) प्रधानमन्त्री राष्ट्रिय प्रतिभा अनुदान सहयोगका लागि<br>आफ्नो कुन विषयमा योगदान रहेको छ (√) चिह्न लगाउनुहोस्ः-<br>☐ वैज्ञानिक अन्वेषण तथा सृजनात्मक अनुसन्धान कार्य<br>☐ नवीनतम प्रविधिको आविष्कार,<br>☐ स्थानीय प्रविधिको स्तरोन्नति |
| (६) सिफारिस गरिएका व्यक्तिले पुऱ्याएको योगदान सम्बन्धी<br>विस्तृत विवरण<br>क) प्रमुख योगदान (Key output) के हो ?<br>ख) योगदानको दिगोपना कसरी सुनिश्चित हुन्छ ?<br>ग) योगदानले पारेको सकारात्मक असर पुष्टि गर्ने आधारहरू के के छन् | यी तीनओटै विषयहरू समेटी नेपाली वा अङ्ग्रेजी भाषामा ३०० देखि ५०० शब्दसम्ममा उल्लेख गर्ने। |

योगदानसम्बन्धी संलग्न प्रमाणहरूः संलग्न प्रमाणहरू मूल्याङ्कनका आधार हुनेछन् ।

१)

२)

३)

यहाँ उल्लेख गरिएका प्रतिभाशाली व्यक्ति श्री                                        नेपाल सरकारद्वारा प्रदान गरिने राष्ट्रिय प्रतिभा पुरस्कार/अनुदान सहयोगका लागि योग्य रहेको हुँदा सिफारिस गरिएको छ। उहाँलाई राष्ट्रिय प्रतिभा पुरस्कार/अनुदान सहयोग वितरण भएमा पुरस्कार तथा अनुदान सहयोगको गरिमामा वृद्धि हुने अपेक्षा गर्दछु।

दस्तखतः...................................
सिफारिसकर्ताको नामः.............................................
पदः.........................................
मोबाइल नं....................................................
इमेल ............................................................

संस्थाको छापः
(अनलाइन सिफारिसकर्ताले दस्तखत र संस्थाको छाप स्क्यान कपी अपलोड गर्न सक्नु हुनेछ । समितिले आवश्यकतानुसार स्थलगत अध्ययन पनि गर्न सक्नेछ।